नेपाल यतिखेर राज्यको पुन :संरचना र लोकतन्त्रीकरणको चुनौतीपूर्ण लक्ष्यतर्फ उन्मुख छ । एकात्मक, केन्द्रीकृत र विभेदकारी राज्यलाई समावेशीकरण, अकेन्द्रीकरण र लोकतन्त्रीकरणका प्रक्रियामार्फत् पुन संरचना गर्दै सबै नागरिकले समान रूपमा गर्व गर्न लायकको शान्तिपूर्ण राष्ट्र निर्माण गर्नु आजको प्रमुख चुनौती र लक्ष्य दुवै हो । यस लक्ष्यको प्राप्तिका लागि विभिन्न प्रक्रिया वा माध्यमहरूको आवश्यकता पर्छ, जसका विषयमा आमनागरिकबीच व्यापक बहस र अन्तरक्रिया हुनु जरुरी छ । यसै सन्दर्भमा राज्यको पुन संरचनाका लागि माध्यमका रूपमा अघि सारिएको सङ्घीय शासन प्रणालीका विषयमा सङ्क्षिप्त जानकारी प्रस्तुत गर्ने उद्देश्यले प्रस्तुत पुस्तिका तयार पारिएको छ । यस परिचयात्मक पुस्तिकामा सङ्घीय संरचनासँग गाँसिएका केही मूलभूत विषयहरूलाई सरल र सङ्क्षिप्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।